# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

**खण्ड २ बुटवल, जेष्ठ २९ गते, २०७५ साल संख्या २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ

## भाग ३

**न्यायिक कार्यबिधि (प्रथम संसोधन), २०७४**

**१. न्यायिक कार्यबिधिको नियम १९ पछि नियम १९ (क) देहाय वमोजिम थप गर्ने ।**
नेपाल सरकार वादी हुने मुद्धा वाहेक अरु मुद्धामा कसैले कसैका नाममा यस न्यायिक समितिमा निबेदन दिएकोमा निर्णय नहुदै सो कुरा सावित गर्न सकिन्न भनि निबेदन लिई आएमा रु. ५०।- जरिवाना गरी न्यायिक समितिले सो नालिस फिर्ता दिन सक्ने छ ।

**२. अनुसुची २ मा संशोधन गरी देहाय वमोजिम कायम गर्ने ।**

अनुसूची -२
(नियम ९ को उपनियम (१) संग सम्बन्धित
बुटवल उप-महानगरपालिका
न्यायिक समिति
उजुरी दर्ता गरेको निस्साको ढाँचा

प.सं
च.नं मिति २० /
श्री ...............................
.....................................

बिषयः- उजुरी दार्ताको निस्सापत्र सम्बन्धमा ।

वादी................वस्ने तपाई र .......................वस्ने श्री ........................................................बिरुद्धमा .........................भनी उजुरी

दर्ता गर्न ल्याएकोमा आजको मितिमा दर्ता गरी दर्ता नं ............कायम भएकोले यो निस्सा जारी गरिएको छ ।

अधिकृत कर्मचारी
दस्तखत
मिति

**३. अनुसूची ६ मा संशोधन गरी देहाय वमोजिम कायम गर्ने ।**

अनुसूची -६
(नियम २० को उपनियम (६) संग सम्बन्धित
बुटवल उप-महानगरपालिका, बुटवल ।

न्यायिक समितिबाट जारी भएको

**म्याद सूचना**

बुटवल उप-महानगरपालिका वडा नं ............वस्ने ............................को नाममा
बुटवल उप-महानगरपालिका कार्यालयबाट जारी भएको १५ (पन्ध्र) दिने सूचना ।

बुटवल उप-महानगरपालिका वडा नं .... वस्ने ...........................ले तपाईको बिरुद्ध.........................बिबाद परेको भनि निबेदन दर्ता गरेको हुदाँ सो को प्रतिलिपि यसै साथ संलग्न राखि पठाएको छ । अतः तपाईले यो म्याद बुझ्ेको वा रित पूर्वक तामेल भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा आफ्नो भनाइ सहित आफै वा कानून वमोजिमको वारेश मार्फत यस कार्यालयमा प्रतिउत्तर पत्र सहित हाजिर हुन आउनुहोला । अन्यथा कानून वमोजिम हुने व्यहोरा जानकारी गराइन्छ ।

ईति संवत..............साल.................महिना...........गते..............रोज शुभम ।

**आज्ञाले**

प्रमाणीकरण मितिः २०७५/०२/२९

**राजनकुमार बि.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**